## प्रस्ताव एवं निर्णयहरुः

२०७८।०७९-०६।०१ नदिजन्य पदार्थ उत्खन्नन संक्षिप्त वातावरणीय प्रतिवेदन स्विकृत सम्बन्धमा।
२०७८।०७९-०६।०२ देउराली खानेपानी को रकम विनियोज सम्बन्धमा ।
२०७८।०७९-०६।०३ कोभिड् १९ को विरुद्धमा रुपाको पहल सम्बन्धमा ।
२०७८।०७९-०६।०४ सेवा करारमा स्वास्थ्यकर्मीहरु नियुक्त गर्ने सम्बन्धमा।
२०७८।०७९-०६।०५ रुपा गाउँपालिका वडा नं. १ को मतदान केन्द्र स्थानतरण सम्बन्धमा।
२०७८।०७९-०६।०६ स्थानीय तह क्षमता मुल्याङ्कन कार्यदल गठन सम्बन्धमा ।
२०७८।०७९-०६।०७ आर्थिक बर्ष २०७६।७७ अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा ।
२०७८।०७९-०६।०८ मनसुनजन्य विपदबाट क्षति भएका घरहरुको अनुसूची फारम भर्ने सम्बन्धमा।
२०७८।०७९-०६।०९ मिति २०७८/०९/३० मा गाउँसभा बस्ने सम्बन्धमा ।
२०७८।०७९-०६।१० रुपाकोट अस्पताल कास्कीमा स्वास्थ्य विमामा सूचिकृत गर्ने सम्बन्धमा ।
२०७८।०७९-०६।११ विविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०१**

प्रस्ताव नं २०७८।०७९-०६।०१ को छलफल गर्दा रुपा गाउँपालिका भित्र रहेका नदिजन्य पदार्थको उत्खन्ननको लागि निम्न नदि घाटहरुको छुटाछुटै प्रतिवेदन पेश गरी स्विकृत गर्ने अख्तियारी गाउँपालिका अध्यक्ष श्री नवराज ओझालाई प्रदान गर्नेः

निम्नः

१)मादी नदि तर्फ

क) रूपा गाउँपालिका वडा नं ७ अन्तर्गत पर्ने माझवेशी घाट ।
ख) रूपा ३ पोल्याङ्गटार घाट
ग) रूपा १ बुढामहादेव घाट
घ) रुपा ७ कुनाको मुख
ङ) रूपा १ ३ वृद्धि दोभान घाट

२) रूपा ७ पास्तेखोला
३) रूपा ४ खाल्टेखोला
४) रूपा ५ ६ आपूखोला
५) रूपा १ र २ बृद्धिखोला
६) रूपा ३ ४ विलमहादे खोला
७) रूपा ३ ४ लोदी खोला

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०२**

प्रस्ताव नं २०७८।०७९-०६।०२ को छलफल गर्दा रूपा गाउँपालिका वडा नं. ५ मा रहेको देउराली खानेपानी योजनामा अघिल्लो आर्थिक बर्ष २०७७।०७८ मा सम्पन्न भइ भुक्तानी दिन बाँकी रकम रु १ लाख ४० हजार (एक लाख चालीस हजार मात्र) अनुगमन समितिको प्रतिवेदन र योजना फरफारक समितिको निर्णयका आधारमा खर्च लेख्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०३**

प्रस्तावन २०७८।०७९-०६।०३ मा छलफल गर्दा कोभिड् १९ को महामारी रोकथाम तथा नियन्त्रणका लागी गाउँपालिकाबाट सञ्चालित १५ शैयाको रूपाकोट अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाइ २४ घण्टा सेवा प्रवाहका लागी तयारी गराउने तथा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागी गाउँपालिकाको तर्फबाट खाना खाजाको व्यवस्था गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०४**

प्रस्ताव नं २०७८।०७९-०६।०४ माथी छलफल गर्दा गाउँपालिकाको Construction of Ward No 2 Administrative Building at Rupa Rural Municipality (Contract id 5/Rupa/NCB/Works/2078/2079 ) को बोलपत्रमा पाँच वटा बोलपत्रदाताहरुले बोलपत्र खरिद गरेकोमा Simran Construction, Pokhara 17 Kaski ले Bid Document Fee बापतको रु ५०००। अक्षेरूपी पाँच हजार मात्र गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको पाइएकोमा उक्त रकमलाइ गाउँपालिकाको आन्तरिक राजश्व खातामा आम्दानी बाँधी निजले पेश गरेको बोलपत्र प्राविधिक मूल्याङ्कनको लागी योग्य ठहर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०४**

प्रस्तावना २०७८।०७९-०६।०४ मा छलफल गर्दा रुपाकोट अस्पतालमा मासिक रु १६ हजार ५ सय सेवा सुविधा उपलब्ध गराउने गरी ल्याव असिष्टेन्ट र अनमी २।२ जना सेवा करारमा नियुक्त गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०५**

प्रस्तावना २०७८।०७९-०६।०५ मा छलफल गर्दा गाउँपालिका को वडा नं. १ को जटेश्वर माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्र श्री सरस्वती आधारभुत विद्यालय फल्याङ्कोटमा स्थानान्तरणको लागि निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०६**

प्रस्तावना २०७८।०७९-०६।०६ मा सामान्य प्रशासन मन्त्रालयबाट संचालनमा रहेको स्थानीय तह क्षमता मुल्याङ्कन वापतको अंक पोर्टलमा प्रविष्ठि गर्ने र आगामी गाउँसभामा नतिजा अनुमोदनको लागी

रुपा गाउँपालिका कास्की

पेश गर्न शिक्षा शाखा प्रमुख श्री सन्दिप पौडेलको संयोजकत्वमा सदस्यहरु प्रशासन शाखा प्रमुख श्री लोकनाथ पौडेल, र सूचना प्रविधि अधिकृत श्री लक्ष्मण पंगेनी लाई जिम्मेवारी प्रदान गर्ने।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०७</u>**

प्रस्ताव नं २०७८।०७९- ०६।०७ उपर छलफल गर्दा महालेखापरीक्षकको कार्यालयको पत्र संख्या २०७८।०७९, चलानी नं २०८, मिति २०७८।५।४ को पत्रानुसार रूपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०७६/७७ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराहरुको दफाबार छलफल गरी निम्नानुसारका निर्णय सहित अनुमोदनको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियोः

निम्नः

| क स | दफा नं | वेरूजुको व्यहोरा | बेरूजु रकम रु | | | निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | अनियमित | अन्य | | |
| १ | १ | वित्तिय विवरण | ० | ० | ० | निरन्तरता दिने | |
| २ | २ | बैंक हिसाव मिलान | ० | ० | २५ | आगामी दिनमा लेखाप्रणालीमा थप सुधार गरी बैंक हिसाव मिलान गर्ने | |
| ३ | ३ | आन्तरिक नियन्त्रण प्रणाली | ० | ० | ० | आगामी दिनमा आन्तरिक नियन्त्रक प्रणाली लाइ तोकिएबमोजिम प्रभावकारी र विश्वशनिय वनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिने । | |
| ४ | ४ | बजेट पेश पारित र अख्तियारी | ० | ० | ० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम वजेट पेश पारित र अख्तियारी दिने । | |
| ५ | ५ | अवण्डा बजेट | ० | ० | ० | गाउँसभाको निर्णयअनुसार गर्ने | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ६ | चौमासिक पुँजिगत खर्च | ० | ० | ० | बजेट कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाइ सो अनुरूप खर्च गर्ने । | |
| ७ | ७ | क्षेत्रगत बजेट र खर्च | ० | ० | ० | एकिकृत समानुपातिक र दिगो बजेट विनियोजन गर्न आवधिक योजना तयार गर्ने । | |
| ८ | ८ | खर्च विश्लेषण | ० | ० | ० | चालू खर्च नियन्त्रण गर्दै पूजिँगत खर्च वृद्धि गर्ने । | |
| ९ | ९ | न्यायिक समिति | ० | ० | ० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम न्यायिक कार्यसम्पादन गर्ने गराउने । | |
| १० | १० | आर्थिक सहायता | ० | ० | ० | विपद् व्यवस्थापन समितिको निर्णयअनुसार गर्ने गराउने। | |
| ११ | ११ | असुली गर्न वाँकी आन्तरिक आय | १४८८२४५ | ० | ० | असुलिको लागी पत्राचार गर्ने । | |
| १२ | १२ | कर तथा शुल्क असुली | ० | ० | ० | समयमै कर तथा शुल्क असुलीका लागी आवश्यक कामकारबाही अगाडी बढाउने । | |
| १३ | १३ | मूल्य अभिवृद्धि कर कट्टी | १२५८२३४ | ० | ० | मुअकर समायोजन भएको प्रमाण पेशका लागी पत्राचार गर्ने । | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | १४ | विल बिजक भन्दा बढी भुक्तानी | ४६६५५४ | ० | ० | असुलिको लागी पत्राचार गर्ने । | |
| १५ | १५ | डण्डीको दर | ५६८९१ | ० | ० | असुलिको लागी पत्राचार गर्ने । | |
| १६ | १६ | कार्यसम्पन्न प्रतिवेदन | ० | ० | १००००० | प्रतिवेद पेश गरी आगामी बैठकमा पेश गराउने । | |
| १७ | १७ | दाखिला प्रमाण | ० | ० | २३२९१० | प्रमाण पेश गर्न आनन्दलाल जोशीलाइ जिम्मेवारी प्रदान गर्ने | |
| १८ | १८ | रामकोट सोलार | ० | ३९७५१० | ० | सम्झौता अनुसार काम भएको तत्कालिन दफामा उल्लेख गरिएबमोजिमको लागत अनुमान, सम्झौता, कार्य भएको मूल्याङ्कन विल नेपाल रेडक्रस सोसाइटी कास्कीसँग रहेकोले लेखापरीक्षणको क्रममा उपलब्ध गराउन नसकेकोमा हाल सो कागजातहरु कार्यालयमा प्राप्त भएको र फिल्ड अनुगमन प्रतिवेदन हेर्दा सोलार लिफ्टिङ्ग खानेपानी योजानाको काम सम्पन्नको क्रममा रहेकोले नियमित गर्ने । | |
| १९ | १९ | कोल्ड स्टोर निर्माण | ९००००० | ० | ० | असुलिको लागी पत्राचार गर्ने | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | २० | नाफामुलक संस्थालाइ अनुदान | ० | ० | ० | आगामी दिनमा यस्तो अनुदान कटौती गर्ने गराउने । | |
| २१ | २१ | हेभि इक्विपमेन्टको प्रयोग | ० | ० | ० | यस्ता हेभि इक्विपमेन्टको प्रयोग गर्नुपुर्व सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यालयबाट सहमति लिइ कार्य सूचारू गर्ने गरी हाललाइ नियमित गर्ने । | |
| २२ | २२ | जटिल संरचना निर्माण | ० | ० | ० | आगामी दिनमा यस्तो संरचना निर्माणमा सार्वजनिक खरिद ऐन बमोजिम गर्ने गराउने गरी हाललाइ नियमित गर्ने । | |
| २३ | २३ | डिपिआर खर्च | ० | ० | ० | आगामी दिनमा सम्भव भएसम्म गाउँपालिकाकै जनशक्तीबाट तयार गराउने । | |
| २४ | २४ | उपभोक्ता समिति मार्फत कार्य | ० | ० | ० | आगामी दिनमा सार्वजनिक खरिद ऐनको प्रावधान बमोजिम कार्यालयबाट तोकिएको प्रक्रिया अवलम्बन गरी कार्यसम्पादन गर्ने गराउने । | |
| २५ | २५ | बढी दरमा विरुवा खरिद | ० | ५६७०८८ | ० | सन् २०२० को सुरुवात सँगै विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) रोगका कारण भएको वन्दाबन्दी (Lock down) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | का कारण गाउँपालिकाभित्रका अधिकाशं मानिसहरुको रोजगारी गुमेको अवस्था साथै घरबाट वाहिर नियमित हिडडुल गर्न रोक लगाइएको अवस्था थियो । गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत कृषि विउ विजन वितरण कार्यक्रम कार्यान्वयनको क्रममा बजारमा उपलब्धहरुमध्येकै राम्रो वर्णशंकर (Hybrid) लहरेबाली ( न्यू नारायणी घिरौंला, पाली करेला, लौका, र भक्तपुर लोकल काँक्राका को बिउबिजन खरिद गरी नियमानुसार दाखिला सहित प्रत्येक कृषकको घरघरमै गइ जनप्रतिनिधिहरुको रोहबरमा विउ विजन वितरण भइ उक्त विउविजनबाट कृषकहरु लाभान्वित भएका थिए । सो जातका विउहरुको मुल्य कृषि डायरी तथा जिल्ला दररेटमा समाबेश नभएको देखिन्छ यद्यपी हाइब्रिड सृजना जातको गोलभेडाको प्रतिकेजी सरकारी मूल्य रु १०५०००।- (कृषि | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | डायरी, २०७७ अनुसार) कायम भएको देखिन्छ । सोही अनुपातमा अन्य हाइव्रिड जातको विउविजनको मूल्य समेत कृषि डायरीमा संलग्न गर्न सम्बन्धित निकायमा पहल गर्ने । कार्यक्रम कार्यान्वय वापत कार्यालयबाट भुक्तानी भएको रु ५६७०८८ रकम बाट कुनै सरकारी हानिनोक्सानी नभएकोले सो बराबरको रकम नियमित गर्ने गरी गाउँसभामा पेश गर्ने। | |
| २६ | २६ | शिक्षक दरबन्दी र पदपुर्ती | ० | ० | ० | दरबन्दी मिलान गर्ने । | |
| २७ | २७ | छात्रवृत्ति वितरण | ० | ० | १२४०० | प्रमाण पेशको लागी पत्राचार गर्ने । | |
| २८ | २८ | इन्टरनेट जडान तथा सञ्चालन खर्च | ० | ० | १२००० | प्रमाण पेशको लागी पत्राचार गर्ने । | |
| २९ | २९ | अन्य शिर्षकबाट खर्च | ० | १०००००० | ० | तत्काल कोरोना भाइरस नियन्त्रणको पहल गर्नुपर्ने अनिवार्य र अनपेक्षित अवस्था रहेको र कार्यालयसँग सो शिर्षकमा बजेट विनियोजन नभएकोले सम्पन्न भएको खर्च रु १० लाख अनुमोदन गरी | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | हाललाइ उक्त रकम नियमित गर्ने । | |
| ३० | ३० | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ० | ० | कामको दिगोपना हुनेगरी नियमित रुपमा कार्यसञ्चालन गर्ने । | |
| ३१ | ३१ | विपद् व्यवस्थापन कोष | ० | ० | ० | प्रचलित कानुनबमोजिम नियमित कार्यसञ्चालन गर्ने । | |
| ३२ | ३२ | बार्षिक प्रतिवेदन | ० | ० | ० | प्रचलित कानुनबमोजिम नियमित कार्यसञ्चालन गर्ने । | |
| ३३ | ३३ | कोभिड कोषबाट खर्च | ० | ५८३५०० | ० | तत्काल कोरोना भाइरस नियन्त्रणको पहल गर्नुपर्ने अनिवार्य र अनपेक्षित अवस्था रहेको र कार्यालयसँग सो शिर्षकमा बजेट विनियोजन नभएकोले सम्पन्न भएको खर्च रु ५ लाख ८३ हजार ५ सय अनुमोदन गरी हाललाइ उक्त रकम नियमित गर्ने । | |
| ३४ | ३४ | जिन्सी मौज्दात | ११०३५४ | ० | ० | रकम दाखिला गर्ने गराउने । | |
| ३५ | ३५ | स्वयंसेवक खर्च | ० | ७४९०७० | ० | तत्काल कोरोना भाइरस नियन्त्रणको पहल गर्नुपर्ने अनिवार्य र अनपेक्षित अवस्था रहेको र कार्यालयसँग सो शिर्षकमा बजेट विनियोजन नभएकोले सम्पन्न भएको खर्च रु ७ लाख ४९ हजार ७० मात्र | |

रुपा गाउँपालिका कास्की

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमोदन गरी हाललाइ उक्त रकम नियमित गर्ने । | |
| ३६ | ३६ | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ० | ० | ० | प्रचलित कानुनबमोजिम नियमित कार्यसञ्चालन गर्ने । | |
| ३७ | ३७ | सामाजिक सुरक्षा भत्ता | ० | ० | ० | लाभग्राहीको नाम अद्यावधिक गरेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गराउने । | |
| ३८ | ३८ | सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण | ० | ० | ० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम सरकारी तथा सार्वजनिक जग्गा अभिलेख कायम गर्ने । | |
| ३९ | ३९ | पेश्की बाँकी | ० | ० | २२८०६१२३ | नियमानुसार पेश्की फछ्र्यौट गराउने । | |

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०८</u>**

प्रस्ताव नं २०७८।०७९-०६।०८ माथी छलफल गर्दा गाउँपालिका भित्र रहेका मन्सुनजन्य विपद् बाट प्रभावित भएका व्यक्तीहरुलाई नेपाल सरकारबाट स्विकृत कार्यविधि बमोजिमको अनुसुची फर्म भरी जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने गरी आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०६।०९</u>**

प्रस्ताव नं २०७८।०७९-०६।०९ माथी छलफल गर्दा रूपा गाउँपालिका कास्कीको आगामी हिउँदे गाउँसभा मिति २०७८।०९।३० गते विहान ११ बजेदेखी रूपा गाउँपालिका वडा नं ६ मा रहेको चन्द्रप्रभा माध्यमिक विद्यालयको सभाहलमा बस्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०६।१०</u>**

रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०७८।०७९-०६।१० मा छलफल गर्दा गाउँपालिकामा संचालनमा रहेको १५ शैयाको रुपाकोट अस्पताललाई राष्ट्रिय विमा वोर्डमा सूचिकृत गरी नेपाल सरकारबाट उपलब्ध गराईएको स्वास्थ्य विमासेवा गाउँपालिकाको अस्पतालबाट उपलब्ध गराउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-०६।११**

प्रस्ताव नं २०७८।०७९-०६।११ मा छलफल गर्दा आजको कार्यपालिका बैठक समापन गरी आगामी कार्यपालिका बैठक अध्यक्षको निर्णयअनुसार बस्ने निर्णय गरियो ।

मिति २०७८ साल पुस ७ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मितिः

रुपा गाउँपालिका कास्की